# गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन

नेपाल सरकार

**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६

प्रमाणीकरण र प्रकाशित मिति
२०६६।१०।०७

संवत् २०६६ सालको ऐन नं. ९

गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानूनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः प्रचलित कानूनमा रहेको राजतन्त्रको सन्दर्भ अन्त्य गरी गणतान्त्रिक व्यवस्थाको सन्दर्भ कायम गर्न र अन्य केही विषयहरुमा समेत सामयिक सुधार गर्न केही नेपाल कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६" रहेको छ ।

(२) यो ऐन संवत् २०५ साल जेठ १५ गतेदेखि लागू भएको मानिनेछ ।

.......................................................................................................

२१. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधनः हातहतियार खरखजाना ऐन, २०१९ को,-

(१) दफा ५क. मा रहेका "प्रतिनिधि सभा वा राष्ट्रिय सभा तथा गाउँ, नगर वा जिल्लाको स्थानीय निकायको सदस्यको लागि हुने निर्वाचनमा" भन्ने शब्दहरुको सट्टा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

"निर्वाचन आयोगले प्रचलित कानून बमोजिम गराउने निर्वाचनमा" भन्ने शब्दहरु राखिएका छन् ।

(२) ठाउँ ठाउँमा रहेको "अधिराज्य" भन्ने शब्द झिकिएको छ ।

११०. संशोधन तथा खारेजीः (१) प्रचलित कानूनमा रहेको "श्री ५ को प्रशस्ति" झिकिएको छ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय